# मानवअधिकारपत्र

Human Rights Post

NHRC Monthly Newsletter Vol. 2 Issue 4 June-July 2009

वर्ष २, अङ्क ४ राष्ट्रिय मानवअधिकार आयोगको बुलेटिन २०६६ साउन


## मानवअधिकारका सवालमा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले प्रधानमन्त्री माधवकुमार नेपाललाई भेटी मानवअधिकारको वर्तमान अवस्था र चुनौतीहरूका बारेमा सरकारको ध्यानाकर्षण गराएको छ । आयोगका पदाधिकारीहरूले असार १२ गते प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै आयोगले हाल सामना गर्नु परेका चुनौतीहरू तथा वर्तमान मानवअधिकारको अवस्थाबारेमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भएको हो । ज्ञापनपत्रमा मानवअधिकारको वर्तमान अवस्था उत्साहबर्द्धन नरहेको साथै खासगरी तराई क्षेत्रमा दिनानुदिन मानवअधिकार उल्लङ्घनका गतिविधिहरू भइरहेको उल्लेख छ । त्यसैगरी मुलुकमा विद्यमान दण्डहीनताको स्थितिले मानवअधिकार संरक्षणमा गम्भीर चुनौती खडा गरेको भन्दै आयोगले कानुन कार्यान्वयन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन कुनै किसिमको विलम्ब गर्न नहुने कुरा स्मरण गराएको छ ।

प्रधानमन्त्रीसँगको भेटमा आयोगका पदाधिकारीहरूले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारले उच्च प्राथमिकता दिनु पर्ने र आयोगको सिफारिस बमोजिम पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाही गरिनु पर्ने कुरामा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भयो । त्यस्तै आयोग पदाधिकारीले मानवअधिकारसँग सम्बन्धित विधेयकहरू व्यवस्थापिका संसदमा पेस गर्नुपूर्व आयोगसँग परामर्श लिनु पर्ने, आयोगलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराउनु पर्ने, द्वन्द्वपीडित, बेपत्ता तथा विस्थापित भएका व्यक्तिलाई राहत दिने, महिला हिंसा नियन्त्रण, सुकुम्वासी, भूमिहीन तथा हलियाको हकहित संरक्षण, खाद्य सुरक्षा र व्यवस्थापन तथा बन्द, हडताल र चक्काजामको रोकथामको सम्बन्धमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भएको थियो ।

आयोगको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री माधवकुमार नेपालले वर्तमान सरकार लोकतन्त्र, मानवअधिकार र विधिको शासनप्रति प्रतिवद्ध रहेको र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न प्रयासरत रहेको बताउनु भयो । उहाँले दण्डहीनताको अन्त्य, अपराध नियन्त्रण र मानवअधिकारको प्रवर्द्धन गर्नेसम्बन्धी विषयहरू सरकारको प्राथमिकतामा रहेको बताउँदै मानवअधिकारसँग सम्बन्धित विषयहरूमा आयोगसँग परामर्श गरेर मात्र निर्णय लिइने आश्वासन दिनुभयो ।

### ध्यानाकर्षण गराइएका विषयहरू

- **आयोगका सिफारिसहरू कार्यान्वयन गर्नु पर्ने,**
- **द्वन्द्वपीडितलाई उचित क्षतिपूर्ति दिनु पर्ने,**
- **बेपत्ताको खोजी गरी स्थिति सार्वजनिक गर्नु पर्ने,**
- **मानवअधिकार उल्लङ्घनकर्तालाई कारबाही गर्नु पर्ने,**
- **मानवअधिकारसम्बन्धी विधेयकबारे आयोगसँग परामर्श लिनु पर्ने,**
- **द्वन्द्वका क्रममा विस्थापित भएकालाई पुनःस्थापना गरी राहत उपलब्ध गराउनु पर्ने ।**

आयोगको ज्ञापनपत्रमा दण्डहीनताको अन्त्यका लागि सुरक्षा निकायको सुदृढीकरणमा विशेष जोड दिइनु पर्ने, मानवअधिकार उल्लङ्घनमा दोषी पाइएकालाई कुनै किसिमको राजनीतिक संरक्षण दिन नहुने, मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिउपर भएका मुद्दाहरू फिर्ता लिन नहुने लगायतका सुझावहरू दिइएका छन् । साथै, द्वन्द्वका क्रममा बेपत्ता भएकाहरूको यथार्थ स्थिति सार्वजनिक गरी पीडित वा तिनका परिवारलाई सरकारले आवश्यक राहत प्रदान गर्नुपर्ने, विस्थापित व्यक्तिलाई पूर्ववर्ती स्थानमा पुनःस्थापना गर्नु पर्ने सुझावहरू उल्लेख छन् । ज्ञापनपत्र बुझाउने क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी. रोकाया र सचिव विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार रघुजी पन्त, मुख्य सचिव डा. भोजराज घिमिरे लगायतको उपस्थिति थियो ।

## मनाङमा बालअधिकार अनुगमन

मनाङ/ आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले मनाङ जिल्लामा गरेको अनुगमनमा त्यस जिल्लामा बालअधिकारको अवस्था अन्य आसपासका जिल्लाहरूको तुलनामा सन्तोषजनक पाइएको छ । आयोगको टोली जिल्लाको अनुगमन गर्न त्यहाँ पुग्दा सरोकारवालाहरूले बालअधिकारको सम्बन्धमा कुनै पनि घटना नभएको र कोही पनि उजुरी गर्न नआएको बताए । अनुगमनका क्रममा आयोगको टोलीले बालबालिका माथि राज्य वा अन्य पक्षबाट समेत कुनै पनि दुर्व्यवहार नभएको र शारीरिक तथा मानसिक अपाङ्गता भएका बालबालिकाको अध्ययनको स्थितिसमेत सन्तोषजनक पाएको छ । जिल्लाका अधिकांश बालबालिकाहरूले विद्यालय जानसक्ने वातावरण रहेको, दलित र महिला विद्यार्थीलाई दिइने ५० प्रतिशत छात्रवृत्ति नियमित वितरण गरिएको तथा मानव वस्ती भएका प्रायः सबै स्थानमा साना ठूला विद्यालय रहेको पाइयो । यद्यपि समग्रमा बालबालिकाहरूले विद्यालय छाड्नेक्रम बढ्दो देखिएको, विद्यालयमा पर्याप्त खेलकुद सामग्री, हिउँदमा विद्यालय छाडेर अभिभावकसँगै यार्चागुम्बा खोज्न अग्ला पहाडतर्फ जाने चलनले उनीहरूको पढाइलाई प्रभावित गरेको छ । चिन्ताजनक कुरा के छ भने जनसङ्ख्याको अनुपातमा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या अत्यन्तै न्युन रहेको पाइएको छ ।

## यसभित्र


१. मासिक सन्दर्भ : यस वर्षको बजेट र मानवअधिकार २
२. दलित र महिलाको मानवअधिकारबारे अन्तरक्रिया २
३. मानवअधिकारको अवस्था ३
४. यातनालाई फौजदारी कसूर ठहर गर्ने कानुन बनाउन सरोकारवालाहरूको आग्रह ६
५. यातना पीडीत सहयोग दिवसमा कार्यक्रम ७
६. मानवअधिकार तथा दण्डहीनतासम्बन्धी गोष्ठी ७
७. मानवअधिकारका सवालमा प्रधानमन्त्री समक्ष आयोगले प्रस्तुत गरेको ज्ञापनपत्र ८
८. मानवअधिकार उलङ्घनकर्तालाई पुरस्कृत नगर्न आग्रह ९
९. आयोगमा बालअधिकार डेस्कः स्थापनाको चार वर्ष १०
१०. असार महिनामा परेका उजुरीहरू ११

## राष्ट्रिय मानवअधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्याय
सदस्य : रामनगीना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया

सचिव : विशाल खनाल


मासिक सन्दर्भ

# यस वर्षको बजेट र मानवअधिकार

असारको अन्तिम साता नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ का लागि वार्षिक बजेट प्रस्तुत गरेको छ। २ खर्ब ८५ अर्ब भन्दा बढीको बजेटमा मानवअधिकार प्रवर्द्धन गर्न, शान्ति स्थापना गर्न र द्वन्द्वका घाउहरूमा मल्हम लगाउन विभिन्न कार्यक्रमहरू ल्याइएका छन्।

यो बजेटमा विस्तृत शान्ति सम्झौताको कार्यान्वयन र शान्ति प्रक्रियालाई पूर्णता दिई संविधान निर्माणमा सहयोग गर्ने, दण्डहीनताको अन्त्य गरी शान्ति सुरक्षा कायम गर्ने, पछाडि पारिएका जाति, समुदाय तथा भौगोलिक क्षेत्रको उत्थान र विकासका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने, सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार गरी जनतालाई उत्तरदायी सरकारको अनुभूति गराउने विषयहरू नीतिगत प्राथमिकतामा परेका छन्।

सशस्त्र द्वन्द्वमा पीडितको उद्धार र ध्वस्त भौतिक संरचना पुनःनिर्माण लगायतका कार्यक्रमका लागि शान्तिकोषबाट १० अर्ब १६ करोड खर्च गर्ने योजना बजेटले प्रस्तुत गरेको छ। सरकारले सशस्त्र द्वन्द्वसँग सम्बन्धित ३० योजना कार्यान्वयन गर्न लागेको छ। यसअन्तर्गत पाँचओटै विकास क्षेत्रमा द्वन्द्वपीडित पुनःस्थापना केन्द्र स्थापना गरिने छन्। द्वन्द्वमा ध्वस्त भएका गाविसका भवन, स्वास्थ्य चौकी, प्रहरी कार्यालय, झोलुङ्गे पुलको पुनःनिर्माण गर्न बजेटमा आवश्यक रकम छुट्याइएको छ। त्यसैगरी सशस्त्र द्वन्द्वमा बेपत्ता भएका १ हजार २७ जनाको परिवारलाई न्युनतम राहत वितरण कार्य बजेटमा समावेश छ।

दिगो शान्ति, राहत, पुनर्स्थापना र पुनर्निर्माण गर्ने, माओवादी लडाकुहरूलाई व्यवस्थापन गर्न बजेटले प्राथमिकता दिएको छ। त्यस्तै, संविधानले परिकल्पना गरेका विभिन्न आयोगहरू बनाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ। जनताको पहलमा शान्ति अभियान, शिक्षा जनताको मौलिक अधिकारः उन्नति र समृद्धिको आधार, प्राथमिक र आधारभूत स्वास्थ्यः जनताको मौलिक अधिकार, सुरक्षित मातृत्व, महिला अधिकार लगायतका कार्यक्रम प्रस्ताव गरिएका छन् जसबाट बजेट निर्माण गर्दा अधिकारमुखी दृष्टिकोण राखेको देखिन्छ।

बजेटलाई मानवअधिकारमुखी बनाउने प्रयास गरेको देखिएपछि सरोकारवालाको इच्छा विपरित विधवा महिलालाई विवाह गर्न प्रोत्साहित गर्ने बजेटको प्रयासले बजेट आलोचित बन्यो। विधवापन भएका महिलाहरूले सशक्तीकरण खोजेका छन्। विवाह गर्नु नै समस्याको समाधान होइन। त्यसैगरी महिला अधिकारवादीहरूले घरेलु हिंसा नियन्त्रण गर्न ठोस कार्यक्रम नल्याएको भनी असन्तुष्टि प्रकट गरे। राष्ट्रिय मानवअधिकार अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन गर्ने, सशस्त्र द्वन्द्वमा मृत्यु भएकालाई न्युनतम राहतका कार्यक्रम ल्याउन बजेट सफल भएको देखिंदैन। समग्रमा वर्तमान बजेट मानवअधिकारका धेरै विषयलाई सम्बोधन गर्न सफल देखिए पनि मानवअधिकारको प्रवर्द्धन भन्दा लोकप्रियतामुखी देखिन्छ।

- सम्पादक

# दलित र महिलाको मानवअधिकारबारे अन्तरक्रिया

बुटवल/ आयोगको बुटवल सम्पर्क कार्यालयले 'दलित समुदाय र मानवअधिकारका सवाल' विषयक अन्तरक्रिया सम्पन्न गरेको छ। दलित समुदायमा मानवअधिकारसम्बन्धी चेतनालाई अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको यो अन्तरक्रिया कार्यक्रममा सरकारी, गैरसरकारी सङ्घसंस्था, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, मानवअधिकारकर्मी सहित स्थानीय व्यक्तिहरूको सहभागिता थियो। कार्यक्रममा दलित समुदायले भोग्नु परेका कठिनाइ र त्यस समुदायसँग सरोकार राख्ने मानवअधिकारका विविध विषयमा छलफल भएको थियो। आयोगको सम्पर्क कार्यालय बुटवलका प्रमुख चन्द्रकान्त चापागाईले राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकार, दलित समुदायको मानवअधिकार रक्षार्थ आयोगको भूमिका र मानवअधिकार उल्लङ्घनका बारेमा उजुरी दिने विधिका सम्बन्धमा प्रकाश पार्नुभयो। दलित महिल संघ रुपन्देही समेतको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रम असार २ गते रुपन्देही जिल्लाको सालझन्डी गाविस भवनमा सम्पन्न भएको थियो।

यसैबीच आयोगको बुटवल सम्पर्क कार्यालयले नवलपरासी जिल्लामा महिला अधिकारका सवाल विषयक एक दिने अन्तरक्रियाको आयोजना गऱ्यो। असार २९ गते नवलपरासी जिल्लाको गैंडाकोटमा सम्पन्न उक्त कार्यक्रममा जिल्लामा महिला मानवअधिकारको अवस्था र महिलाका सवालहरूलाई राज्यका निकायले सम्बोधन गर्ने तौरतरिका आदिका बारेमा छलफल भएको थियो। त्यसैगरी विभिन्न बहानामा महिला माथि हुने घरेलु हिंसाको अवस्थाको बारेमा समेत छलफल भएको थियो। छलफलको क्रममा आयोगको बुटवल सम्पर्क कार्यालयका प्रमुख चन्द्रकान्त चापागाईंले आयोगले महिला हिंसा नियन्त्रण गर्न र महिलाको मानवअधिकार अवस्थालाई सुदृढ गर्न गरेका गतिविधिका बारेमा जानकारी गराउनु भएको थियो। कार्यक्रममा गैंडाकोट र आसपासका कोल्हुवा, दुम्किवास, मुकुन्दपुर, प्रसौनी, नारायणी गाविसहरूका महिला अधिकारकर्मीहरू सहभागी थिए।

# आधारभूत मानवअधिकार तालिम सम्पन्न

पाल्पा/ आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले स्थानीय मानवअधिकार संस्थाहरूसमेतको सहभागितामा तीनदिने आधारभूत मानवअधिकार तालिम सम्पन्न गरेको छ। असार १७ देखि २१ गतेसम्म सञ्चालन भएको उक्त कार्यक्रम सम्पन्न गर्न नवलपरासी, कपिलवस्तु तथा रूपन्देही जिल्लाका जवाफदेही निगरानी समूह तथा मधेस मानवअधिकार गृह, कपिलवस्तु समेत सम्मिलित थिए। कार्यक्रममा आयोगका निमित्त निर्देशक प्रेमबहादुर थापाले मानवअधिकारसम्बन्धी छओटा महासन्धिहरू, राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकार तथा मानवअधिकार अनुगमन र अनुसन्धानका मुख्य सिद्धान्तहरूबारे प्रशिक्षण दिनुभएको थियो। आयोगको बुटवल सम्पर्क कार्यालयका प्रमुख चन्द्रकान्त चापागाईले अर्न्तराष्ट्रिय मानवीय कानुन, मानवअधिकारको विकासक्रम तथा मानवअधिकार उल्लङ्घन तथा अपराधबारे सहजीकरण गर्नुभएको थियो। त्यसैगरी, पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका प्रशासन सहायक बाबुराम अर्यालले मानवअधिकारसम्बन्धी प्रतिवेदन लेखन तथा मानवअधिकारको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरूका बारेमा जानकारी गराउनु भएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ तथा मानवअधिकार आयोग ऐन, २०५३ ले मानवअधिकारको संरक्षण र सवर्द्धन गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक तथा कानुनी उत्तरदायित्वहरू तोकेको छ।

# असार महिना मानवअधिकारको अवस्था

यो महिना नेपालको मानवअधिकार अवस्थालाई आपराधिक घटनाक्रमले प्रभावित पार्‍यो, खासगरी मध्यमाञ्चल क्षेत्रमा । यो महिनामा मध्य-तराई र उपत्यकामा डरलाग्दो प्रकृति र प्रवृत्तिका घटनाहरू भए । अपराध नियन्त्रणमा सरकार असफल बन्दै गएको भनी मृत्युदण्डको प्रावधानका बारेमा विचार गर्नुपर्छ भन्ने बहसहरूले समेत चर्चा पाए । व्यक्तिगत रिसईवी साँध्न, आर्थिक लाभ हासिल गर्न तथा अन्य कारणले दिनप्रतिदिन बढ्दै गइरहेको हत्या र अपहरणको शृंखलाले गर्दा मध्य तराईका जिल्लामा शान्तिसुरक्षाको अवस्था कमजोर बनेको पाइएको छ । कमजोर शान्ति सुरक्षाको अवस्थाले गर्दा उद्योग, व्यापार, व्यवसायमा लागेका उद्योगी र व्यापारीहरू निराश छन् । अज्ञात समूहहरूबाट जबर्जस्ति चन्दा माग्ने, विभिन्न धम्की दिने र अपहरण गर्ने घटनाहरूमा कमी आएको छैन । सहरी वा ग्रामीण क्षेत्रमा सुरक्षाको स्थिति सुदृढ बन्न सकेको छैन ।

फोनबाट आउने धम्की असुरक्षा बढाउने एउटा महत्वपूर्ण कारण बनेको छ । बढ्दो आपराधिक गतिविधिलाई निरुत्साहित गर्न सरकारले मोबाइल पत्ता लगाउने प्रविधि किन्न मोबाइल कम्पनीहरुलाई निर्देशन दिएको छ । मोबाइल टेलिफोनको प्रयोग गरी राजधानी उपत्यका लगायत देशभर धम्की, फिरौती रकम असुल्ने, अपहरण गर्ने जस्ता आपराधिक गतिविधिहरु बढिरहेका छन् । हरेक दिनजसो बन्द र हड्तालका घटनाहरू भइरहने हुनाले उद्योग व्यवसाय धरासायी बन्दै गएको छ ।

यो महिना पूर्वाञ्चलको मानवअधिकार अवस्थामा केही सुधारका सङ्केतहरू देखिएता पनि त्यो सन्तोष मान्नु पर्ने अवस्था भने छैन । पूर्वाञ्चलमा अघिल्ला महिनाहरूको तुलनामा हत्या, कुटपिट, चन्दा र धम्कीका घटनाहरूको मात्रा असार महिनामा कम रह्यो । पश्चिमाञ्चलका पहाडी जिल्लामा मानव अधिकारको स्थिति सामान्य रहेको छ तर तराईमा भने आपराधिक गतिविधि रोकिएको छैन । मध्यपश्चिमका पहाडी जिल्लाहरू खासगरी जाजरकोट, रुकुम, सल्यान, सुर्खेतमा झाडापखालाले विकराल रूप लिएको छ तर त्यस महामारीले कर्णाली अञ्चलमा भने खासै प्रभाव पारेको छैन । खाद्यान्नको अभाव, औषधी उपचारमा कठिनाइ, कर्णाली राजमार्गको सञ्चालनमा अवरोध भएकाले नागरिकका आधारभूत आवश्यकता प्राप्ति गर्ने र आवागमनको अधिकार प्रत्यक्ष प्रभावित भएको छ । सुदूरपश्चिमका पहाडी जिल्लामा झाडा पखालाको प्रकोप देखिन थालेको भए पनि अन्य अवस्था सामान्य रहेको छ ।

*आयोगले मानवअधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा आवश्यक छानबिनपछि मात्र पदोन्नतिको निर्णय लिन सरकारसँग आग्रह गर्‍यो । आयोगको अनुसन्धानबाट मानवअधिकारको उल्लङ्घनका घटनामा दोषी पाइएकाहरूलाई सरकारले कारबाही गर्नुको सट्टा बढुवा गर्न लागेको भनी आयोगले असन्तुष्टि जनाएको हो ।*

नागरिक सर्वोच्चताको स्थापना गरिनु पर्ने माग गर्दै एकीकृत नेकपा (माओवादी) ले हप्तौंसम्म संसद अवरोध गर्दा संविधान मस्यौदा, नीति निर्माण, सरकार सञ्चालन लगायतका महत्वपूर्ण कामहरू प्रभावित भए । माओवादीले नेपाली सेनाका प्रधानसेनापति प्रकरणमा हस्तक्षेप गर्ने राष्ट्रपतिको कदम सच्चिनु पर्ने अडान राख्दै आएको छ ।

एकीकृत नेकपा (माओवादी) र मधेसी जनअधिकार फोरम एकातर्फ र सरकारमा सामेल २२ राजनीतिक दल अर्कोतर्फ विभाजित हुँदा देखिएको राजनीतिक ध्रुवीकरणले गर्दा सहमतिको राजनीतिबाट शान्ति र अमनचयन कायम हुनसक्ने अपेक्षामा कमी आएको पाइयो । यो महिनामा मधेसी जनअधिकार फोरम औपचारिक रूपमा विभाजित भयो जसले राजनीतिक समीकरणलाई अझ बढी अस्थिर तुल्यायो । अर्कोतिर, यसै महिना आएको सरकारको बजेटले मानवअधिकारका धेरै मुद्दाहरूलाई समेट्ने प्रयास गर्‍यो तर महँगी नियन्त्रणमा नआएको र तलब नबढेपछि कर्मचारीहरुले सिंहदरबार नै ठप्प पार्दा सेवाग्राहीहरूको दैनिक जनजीवन प्रभावित भयो ।

सरकारले नेपालका लागि राष्ट्रसङ्घीय सहयोग नियोग (अन्मिन) को म्याद फेरि ६ महिनाका लागि थप्यो । २०६३ माघ ९ गते एक वर्षका लागि स्थापना भएको अन्मिनको कार्यावधि ६-६ महिनाका दरले यसअघि पनि तीन पटक थपिसकिएको थियो । अन्मिनको म्याद २०६६ साउन ६ गतेसम्म रहेको थियो । त्यसैगरी सरकारले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको म्याद नौ महिना थपेको छ । यसअघि ओएचसिएचआरको म्याद तीन महिना मात्र थपिएको थियो । आयोगले भने नेपालमा राजनीतिक सन्दर्भ परिवर्तन भएकाले ओएचसिएचआरको आवश्यकतामा सरकारले पुनःविचार गर्नु पर्ने सुझाव दिएको थियो । त्यसैगरी संवैधानिक अङ्गका रूपमा स्थापित आयोगले प्रयोग गरिरहेको कार्यादेश कुनै अन्य विदेशी निकायले प्रयोग गर्न नपाउने भनी आयोगले सरकारको ध्यानाकर्षण समेत गराएको थियो ।

आयोगले मानवअधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा आवश्यक छानबिनपछि मात्र पदोन्नतिको निर्णय लिन सरकारसँग आग्रह गर्‍यो । आयोगको अनुसन्धानबाट मानवअधिकारको उल्लङ्घनका घटनामा दोषी पाइएकाहरूलाई सरकारले कारबाही गर्नुको सट्टा बढुवा गर्न लागेको भनी आयोगले असन्तुष्टि जनाएको हो ।

यो महिना आयोगका कार्यालयहरूमा विभिन्न विषयमा ५० ओटा उजुरीहरू दर्ता भए । यो महिना यातना तथा दुर्व्यवहारका १५, बेपत्ता र अपहरण ९, विस्थापन ५, न्याय प्रशासन ४, हत्या ३, सम्पत्ति कब्जा ३, धम्की २, कारागार १, क्षतिपूर्ति १, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार २, महिला अधिकार २, बालअधिकार १ र अन्य विषयमा २ उजुरी दर्ता भए । घाइते भएको वा नागरिक अधिकार प्रभावित भएको भनी यो महिना कुनै उजुरी परेन । अघिल्लो महिना आयोगमा ३६ उजुरी मात्र परेका थिए । क्षेत्रगत आधारमा यो महिना सुदूरपश्चिम क्षेत्रीय कार्यालय धनगढीमा मानवअधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि उजुरीहरू परेनन् ।

विषयगत आधारमा यो महिना मानवअधिकार अवस्थालाई निम्नअनुसार विश्लेषण गरिएको छ :

## शान्तिसुरक्षाको अवस्था

सङ्क्रमणकालको अवधि लम्बिदै गएको र राजनीतिक अवस्था जटिल बन्दै गएको सन्दर्भमा समग्र देशकै शान्ति सुरक्षा अवस्था कमजोर हुनु स्वभाविक हो । असार महिनामा मानवअधिकार अवस्था उत्साहजनक हुन नसक्नुमा यिनै कुरा जिम्मेवार छन् । जिल्ला प्रहरी कार्यालय, धनुषाले असार १५ गते सार्वजनिक गरेको सुरक्षा प्रतिवेदनमा एक बर्षको अवधिमा त्यस जिल्लामा मात्रै ४५ जनाको हत्या भएको जनाइएको छ । उक्त प्रतिवेदन अनुसार यो अवधिमा ३७१ जनालाई पक्राउ गरिएको र ८७ जनाको साथबाट आधुनिक हतियारसहित भारी मात्रामा विस्फोटक पदार्थ बरामद भएको जनाइएको छ । असार २१ गते त्रि-चन्द्र क्याम्पसमा गोली प्रहारको घटनामा केही नेपाल विद्यार्थी संघ समर्थकहरू घाइते

भएका छन् । क्याम्पसको भवन निर्माणको विषयमा विवाद भएपछि अनेरास्ववियु समर्थकहरूले गोली चलाएको भनी प्रहरी समक्ष किटानी जाहेरी दिएको थियो । घटनाको छानबिन गर्नका लागि दबाब सिर्जना गर्न नेविसंघले आयोजना गरेको विरोध कार्यक्रमले कम्तीमा दुई दिन राजधानीको आवागमन प्रभावित रह्यो । यो महिनामा बम विस्फोटका घटनाहरू भए वा विस्फोटन हुन बाँकी बमहरू समेत भेटिए जसले गर्दा नागरिकले भय र त्रासको अवस्थामा बाँच्नु पऱ्यो । संखुवासभाको तुम्लिङटार विमानस्थल नजिक असार ५ गते एक बमको बाकस भेटियो । त्यो बाकस द्वन्द्वकालमा गाडिएको र वर्षात्ले पानीले माटो बगाएपछि देखिएको हुनसक्ने प्रहरीले जनाएको छ । किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ताले असार २७ गते झापाको अर्जुनधारास्थित ज्ञानेन्द्र बाँस्तोलाको घरमा बम प्रहार गरे । विराटनगरस्थित आन्तरिक राजश्व कार्यालयमा असार ३० गते अज्ञात समूहले बम विष्फोट गराउँदा कार्यालय भवन क्षतिग्रस्त भयो ।

## जीवनको अधिकार

त्यसैगरी असार ६ मा अज्ञात समूहले सिराहाको रजापुर ६ शिसवनीमा गंगोलीदेवी यादवको हत्या र निजकी छोरी दुखानीदेवीलाई सख्त घाइते बनायो । यो घटनाका शंकास्पद ५ जनालाई प्रहरीले पक्राउ गऱ्यो । अपहरणको तीन सातापछि राजधानीको जुबिलेन्ट कलेजमा कक्षा ११ मा अध्ययनरत छात्रा ख्याती श्रेष्ठको लास विभत्स अवस्थामा प्रहरीले फेला पाऱ्यो । उनकै पूर्व शिक्षकले पैसाका लागि अपहरण गरेर ख्यातीको शव गायब गर्न उनको शरीरलाई टुक्राटुक्रा पारेर विभिन्न स्थानमा फालिएको थियो । यो घटनाले झन्डै दुई हप्तासम्म राजधानीको जनजीवन स्तब्ध भयो र मृत्युदण्डको सजायलाई पुनःस्थापित गर्ने विषयमा समेत बहस जन्मायो । त्यसैगरी, मनाङको नारमा यार्चागुम्बा टिप्न गएका गोर्खा जिल्ला केरौंजा गाविसका सात युवालाई मनाङ जिल्लाको लप्से खर्कका बासिन्दाले कुटपिट गरी हत्या गरेको खबर असारको तेस्रो साता प्राप्त भएको छ । संयुक्त अरब इमिरेट्सको दुबइबाट कतारको दोहातर्फ जाँदै गरेको पानीजहाज डुब्दा १२ नेपाली कामदारको मृत्यु भयो । तिनको शव नेपाल ल्याउने सरकारी प्रयास फितलो रहेको पाइयो ।

> *यो महिना आयोगका कार्यालयहरूमा विभिन्न विषयमा ५० ओटा उजुरीहरू दर्ता भए । यो महिना यातना तथा दुर्व्यवहारका १५, बेपत्ता र अपहरण ९, विस्थापन ५, न्याय प्रशासन ४, हत्या ३, सम्पत्ति कब्जा ३, धम्की २, कारागार १, क्षतिपूर्ति १, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार २, महिला अधिकार २, बालअधिकार १, र अन्य विषयमा २ उजुरी दर्ता भए । घाइते भएको वा नागरिक अधिकार प्रभावित भएको भनी यो महिना कुनै उजुरी परेन । अघिल्लो महिना आयोगमा ३६ उजुरी मात्र परेका थिए । क्षेत्रगत आधारमा यो महिना सुदूरपश्चिम क्षेत्रीय कार्यालय धनगढीमा मानवअधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि उजुरीहरू परेनन् ।*

## बेपत्ता/ अपहरणसम्बन्धी

असार ५ गते एक हतियारधारी समूहले सिरहा जिल्लाको चटरका परमेश्वर मुखिया र सप्तरी जिल्लाको बथनाहा सुमलाल साहको अपहरण गऱ्यो । असार ७ गते पहिचान नखुलेको हतियारधारी समूहले सप्तरीको बदगामाबाट मोहम्मद मजिबुल मियाको अपहरण गऱ्यो । छ महिनाअघि अपहरणमा परेका इलामको इभाङका डिल्लीप्रसाद योङयाङको लास असार २१ गते झापाको रतुवा खोला किनारमा भेटियो । कैलाली जिल्लाको टिकापुरमा भारतीय नम्बरप्लेट भएको मोटरसाइकलमा आएका दुई युवकले स्थानीय निजी विद्यालयमा अध्ययनरत एक बालकलाई विद्यालय परिसरबाट अपहरण गरे ।

## बालअधिकार

बालक अपहरण गर्न खोजेको आरोप लगाउँदै असार २१ गते गंगबुमा एक युवकलाई स्थानीयवासीले मरणासन्न हुने गरी कुटपिट गरे । घाइते युवकको उद्धार प्रयासमा खटिएका पाँच प्रहरी समेत स्थानीयवासीको झडपमा घाइते भए । स्थितिलाई नियन्त्रिणमा लिन स्थानीय प्रशासनले त्यस क्षेत्रमा दुई दिनसम्म कफ्र्यु लगायो । भक्तपुरको मध्यपुर ठिमी नगरपालिकामा पर्ने चपाचोंका किशोरहरूबीच असार २३ गते भएको झगडामा कुटपिट हुँदा तीन स्कुले छात्रहरू मारिए । बालबालिका अपहरण गर्न आएको भन्दै थप कुरै नबुझि भीडले कुटपिट गरेको थियो । त्यसैगरी पाँच भारतीय पर्यटकलाई अपहरणकारीको आरोपमा तनहुँको आँबुखैरेनीमा स्थानीयवासीले कुटपिट गरेपछि प्रहरीले दुई दिनसम्म हिरासतमा राखेर रिहा गऱ्यो । अपहरणको आशंकामा अपरिचित मानिसलाई कुटपिट गरिहाल्ने प्रवृत्ति तराईका जिल्लाबाट तनहुँ, काठमाडौं उपत्यकाका जिल्लामा समेत विस्तार भएको छ ।

## महिला अधिकार

असार ३ गते झापाको गौरीगञ्जमा ५० वर्षीय अञ्जिरा महतोलाई बोक्सीको आरोपमा स्थानीयबासीले कुटपीट गरे । घटनामा संलग्न १२ जनालाई प्रहरीले पक्राउ गऱ्यो । त्यस्तै असार ६ गते सिरहा जिल्लाको मझुवामा स्थानीयबासीले मुजाहा नामकी एक महिलालाई बोक्सीको आरोपमा निर्मम यातना दिँदै मलमुत्र खुवाउने सम्मको दुर्व्यवहार गरे । सुनसरीको इटहरीमा बोक्सीको आरोपमा जेठ २३ गते मलमुत्र कोच्याएर दुर्व्यवहारको शिकार बनाइएकी जब्नु खातुनलाई विभिन्न व्यक्तिबाट अझै धम्की आइरहेको भनी आयोगलाई जानकारी प्राप्त भएको छ । कपिलवस्तु जिल्लामा पाँच वर्ष पहिले विवाह भएकी रफिकुल निशालाई उनका श्रीमान् सासू र ससुराले १ लाख २७ हजार नगद माग गरेकोमा उक्त रकम नल्याएको भन्दै कुटपिट गरी घर निकाला गरे । सप्तरी जिल्ला देउरीभरुवा गाविस-४ बस्ने ३५ वर्षीया शोभादेवी यादवलाई मानसिक सन्तुलन गुमेको कारणले उनको माइतीघरमा साङ्लालो बाँधेर राखेको अवस्थामा आयोगले फेला पारेको छ । श्रीमान्को मृत्युपछि शोभादेवीको मानसिक सन्तुलन गुमेको थियो । यस सम्बन्धमा आयोगले जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिई आवश्यक कारबाही गरी निजलाई बन्धनमुक्त पार्न आग्रह गरेको छ ।

## कुटपिट र दुर्व्यवहार

सप्तरीको महेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुखलाई सो क्याम्पसका स्ववियु सभापति सहितको विद्यार्थीको टोलीले असार ५ गते मरणासन्न हुनेगरी कुटपिट गर्दै मोसो दलेर दुर्व्यवहार गरे । यो घटना गराएको अभियोगमा पक्राउ परेका स्ववियु सभापतिलाई छुटाउन विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताले सप्तरीको जिल्ला प्रशासन कार्यालयमा धर्ना दिँदा त्यहाँको स्थिति तनावग्रस्त भयो र प्रहरीसँगको झडपमा १२ जना घाइते भए । असार ६ गते जुम्ला जिल्लाको मालिकाठाटा गाविस-९ बस्ने काल्चे बुढा र विअकली बुढालाई मालापानी गाउँका स्थानीय व्यक्तिहरूले मोसो दली, जुत्ताको माला लगाई कुटपिट गर्दै जिल्ला सदरमुकाम खलङ्गातर्फ लादै गर्दा रारा प्रहरी चौकीले नियन्त्रणमा लियो । कर्तव्य ज्यान मुद्दामा जेल परेका उनीहरूलाई गत असार ३ गते जिल्ला अदालत जुम्लाले सफाई दिएपछि रिहा भई घर फर्केका थिए । हाल दुवैजना सदरमुकाममै विस्थापित जीवन बिताउँदै आएका छन् । तनहुँको भिमादमा असार १६ गते वाईसीएल कार्यकर्ताले आक्रमण गर्दा नेकपा (एमाले) का आधा दर्जन कार्यकर्ता घाईते भए । स्याङ्जा जिल्लामा एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले नेपाली कांग्रेस स्याङ्जाका कार्यकर्ता तथा नेपाल शिक्षक संघका साधारण सदस्य बलराम गिरीलाई कुटपिट गरी गम्भीर घाईते बनाए । उनको टाउको, हात र खुट्टामा गम्भीर चोट लागेको थियो ।

### जबर्जस्ति चन्दा र धम्की

विराटनगरका बद्री पोखेलको परिवार जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह) का कार्यकर्ताले पाँचलाख रूपैया चन्दा मागेका कारण दिन नसकी विस्थापित भएको जानकारी आयोगले प्राप्त गरेको छ । असार १२ गते दमकमा नेकपा (माओवादी) मातृका समूह अन्तर्गतको कोचिला राज्य समितिले रायमाझी आयोगले दोषी ठहऱ्याएकालाई भौतिक कारबाही गर्ने चेतावनी दिएकाले त्यस क्षेत्रका मानिसमा सन्त्रास पैदा भएको छ । असार १६ गते नेकपा (माओवादी) मातृका समूहले खोटाङका सम्पूर्ण गाविस सचिवलाई प्रत्येक गाविसबाट महिना दिन भित्रमा आफ्नो पार्टीलाई एकलाख रूपैयाका दरले चन्दा दिनुपर्ने धम्की दिएकाले गाविस सचिवहरू आतङ्कित भएका छन् । असार २० मा पाँचथरका दुईजना पत्रकार लवदेव ढुङ्गाना र कुमार ओझालाई वाईसीएलले नियन्त्रणमा लिई धम्की दिएपछि इलाममा विस्थापित भएका थिए । विस्थापित भएको पाँच दिनपछि उनीहरूलाई मिडिया मिसनको टोलीले एकीकृत नेकपा (माओवादी) सँग छलफल गरी कार्य जिल्लामै पुनःस्थापित गरेको थियो । त्यसैगरी, लिम्बुवान स्वायत्त राज्य परिषद्का कार्यकर्ताले मोरङ जिल्लाका उत्तरी गाविसहरूमा चन्दा माग्ने र नदिए भौतिक कारबाही गर्ने धम्की दिएको जानकारी आयोगलाई प्राप्त भएको छ ।

### आवागमनको अधिकार

देशभरि स्वतन्त्रापूर्वक आवतजावत गर्न पाउने नागरिकको मौलिक अधिकार माथि ज्यादती हुने क्रम रोकिएको छैन । व्यक्तिगत वा समूहगत स्वार्थका निम्ति सडकलाई निशाना बनाउने र आफ्नो अभिष्ट शिद्ध गर्न प्रयास गर्ने अभ्यासले यो महिनामा पनि देशका विभिन्न भागमा नागरिकको स्वतन्त्रतापूर्वक आवागमन गर्न पाउने मौलिक अधिकार प्रभावित रह्यो । यसका अतिरिक्त बन्द र हड्ताल जस्ता गतिविधिले सर्वसाधारणको दैनिक जीवीकोपार्जनलाई समेत प्रतिकूल असर पारिरहेको छ । यो महिना बन्द, हड्ताल, धर्ना जस्ता कार्यहरू गराउनेमा मुख्यतः एकीकृत नेकपा (माओवादी) र उसका विभिन्न भ्रातृसङ्गठनहरू जिम्मेवार भएको पाइए । माओवादीले जारी राखेको नागरिक सर्वोच्चताको अभियानले देशका सबै जिल्ला प्रशासन कार्यालयलाई प्रभावित गऱ्यो ।

सर्लाही जिल्लाका ३ गाविस सचिवहरूमाथि शृंखलाबद्ध आक्रमण हुँदा समेत प्रशासनले दोषीलाई कारबाही नगरेको भन्दै निजामति कर्मचारी संगठनले जिल्लाका सबै कार्यालयहरू असार ११ गतेदेखि अनिश्चितकालका लागि बन्द गराए । यसले उपभोक्ता र सेवाग्राहीको अधिकारलाई प्रत्यक्ष रूपमा प्रभावित गऱ्यो । असार १४ गते वीरगञ्जबाट हेटौडातर्फ गइरहेको ना ३ ख ६१३० नम्बरको ट्रकले ठक्कर दिंदा अजय राउत नाम गरेका एक बालकको घटनास्थलमै मृत्यु भएपछि उचित क्षतिपूर्तिको माग गर्दै बारा जिल्लाको नितनपुरका वासिन्दाले मुख्य राजमार्ग केही घन्टा अवरुद्ध पारे । सर्लाही जिल्लामा चुरेभावर राष्ट्रिय एकता पार्टीले सरकारले आफ्नो पार्टीसँग गरेको सम्झौता कार्यान्वयन नगरको भनी असार २ गते रौतहट-सर्लाही सिमानामा महेन्द्र राजमार्ग बन्द गरायो ।

पिछडा वर्ग महासंघले सरकारले आफ्नो माग पूरा नगरेको भन्दै असार ३ देखि आह्वान गरेको अनिश्चितकालीन बन्द पाँच दिनसम्म जारी रह्यो । यसबाट सुनसरी, मोरङ, सप्तरी र सिरहाको लगायत पूर्वी र मध्य तराइका जिल्लामा जनजीवन प्रभावित भयो । बन्दको घोषणाले सार्वजनिक यातायात र कलकारखाना बन्द भएकाले मानिस स्वतन्त्रापूर्वक आवतजावत गर्न पाउने मौलिक अधिकारको उपभोग गर्नबाट वञ्चित भए । आफ्ना माग पूरा गराउन सप्तकोशी बाढी पीडित समाजले असार २० देखि २३ सम्म इनरुवा क्षेत्रमा बन्द गर्दा त्यस क्षेत्रको जनजीवन कष्टकर बन्यो । बन्द-हड्ताल र चक्काजामले गर्दा वीरगञ्जमा व्यापार व्यवसाय गर्दै आएका शिख समुदायका मानिसहरू पलायन हुने क्रममा रहेको पाइएको छ । उपप्रधानमन्त्री विजयकुमार गच्छेदार नेतृत्वको मधेसी जनअधिकार फोरमले आफ्ना कार्यकर्तालाई बिनाकारण पक्राउ गरेको भन्दै असार ११ गते विराटनगर धरान सडकमा यातायात अवरोध गऱ्यो ।

### स्वास्थ्यको अधिकार

नेपालको अन्तरिम संविधान २०६३ मा स्वास्थ्यको अधिकारलाई नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । तर, जाजरकोटमा झाडापखाला जस्तो सामान्य रोगले महामारीको विकराल रूप लिंदा समेत रोग नियन्त्रणका लागि सरकारका निकायले उचित प्राथमिकता दिन सकेनन् । सरकार त करिब दुई महिनासम्म जाजरकोटमा फैलिएको रोग झाडापखाला वा हैजा के हो भन्ने कुरा नै निर्क्योल गर्न सकेन । झाडा पखाला भएको दाबी गरिएको यो प्रकोपबाट असार महिनासम्ममा झन्डै २ सयको मृत्यु भएको विभिन्न सञ्चारमाध्यमहरुको दाबी गरेका छन् । सरकारी र गैरसरकारी निकायहरूको तथ्याङ्क नै फरकफरक भएकाले आयोगले वास्तविक मृतको संख्या यकिन गर्न सकेको छैन । स्वास्थ्य मन्त्रालयले समयमै उचित ध्यान नदिएको, सामान्य झाडापखाला मात्र हो भनी काठमाडौंबाट औषधीहरू पठाएको तर त्यो अपर्याप्त भएको, पीडितले पाउन नसकेको, चिकित्सकहरू समयमै खटाइएको स्थानमा नपुगेको लगायतका गुनासो तथा जानकारीहरू आयोगले प्राप्त गरेको छ । झाडा पखालाका पीडितहरूलाई स्वास्थ्य सुविधा पुऱ्याउन सुरक्षाकर्मी र माओवादी सेनाले समेत स्वास्थ्य शिविरहरू सञ्चालन गरेको पाइएको छ । अर्कातिर, असार १५ गते नेपालमा औपचारिक रूपमै स्वाइन फ्लु भित्रिएको छ । यो महामारी रोक्न सरकारले गरेको प्रयास पर्याप्त छैन ।

### सम्पति कब्जा

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) मातृका समूहले जनकपुरमा जग्गा कब्जा अभियानलाई तीव्रता दिएको छ । आयोगले प्राप्त गरेको जानकारी अनुसार पूर्वमन्त्री हेमबहादुर मल्लको धनुषामा रहेको ५५ बिघा, रुद्र नेवारको सबैलामा रहेको २५ बिघा, रामस्वरूप साहको शान्तिनगरस्थित ३५ बिघा जग्गामा उक्त पार्टी झन्डा गाडेको छ र त्यस क्षेत्रमा जग्गाधनीको प्रवेशलाई निषेध गरेको छ । द्वन्द्वकालमा ती जग्गाहरू माथि तत्कालीन नेकपा (माओवादी) ले कब्जामा लिएको थियो । तराईका सशस्त्र समूहहरूले पनि विभिन्न स्थानमा रहेका सार्वजनिक वा निजी सम्पतिमा कब्जा भएको दाबी गर्ने र पार्टीको झन्डा गाढ्ने काम गरिरहेका छन् । अझ कतिपय स्थानमा एकीकृत नेकपा (माओवादी), नेकपा (माओवादी) मातृका समूह र तराईका अन्य सशस्त्र समूहसमेतले एउटै जग्गालाई आ-आफ्नो तर्फबाट कब्जा भएको दाबी गरिरहेको पाइएको छ । असार ४ गते एकीकृत नेकपा (माओवादी) को उदयपुर जिल्ला कमिटीले सप्तरीका गजराज ताडेतको नाममा उदयपुर जिल्लाको सुन्दरपुरमा रहेको जग्गा आफ्नो पाटीले कब्जा गरेको भन्दै नबेच्न धम्की दियो । सुनसरीको छिटाहा गाविसमा रहेको १४७ बिगा १३ कठ्ठा जग्गा एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले असार ७ गते कब्जा गरी स्थानीय भूमिहीनलाई वितरण गर्ने घोषणा गरे ।

### न्याय प्रशासन

राप्रपा नेपालका सभासद रामनारायण सिंहको सर्लाही जिल्लाको मलंगवास्थित घरमा आषाढ २७ गते बिहान बम विष्फोट भएपछि सर्लाही जिल्लामा प्रशासनले सुरक्षा सर्तकता बढाएको थियो । सुरक्षा व्यवस्था कायम गर्ने क्रममा परिचालित सशस्त्र प्रहरीले तराई आर्मी नामको सशस्त्र समूहका उपाध्यक्ष मिस्टर सहन्साह भनिने भैरव यादव र जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) का सर्लाही इन्चार्ज वीरेन्द्र यादवलाई असार ११ गते गिरफ्तार गरेको छ । मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन अन्तर्गत आरोप लागेकालाई अनिवार्य रूपमा थुनामा बस्नु पर्ने कानुनी प्रावधान सर्वोच्च अदालतले असार ११ गतेको फैसला बमोजिम खारेज गऱ्यो ।

### क्षतिपूर्ति

गत वर्ष पुस २७ गते एक हतियारधारी समूहको आक्रमणबाट ज्यान गुमाएकी पत्रकार उमा सिंहको परिवारलाई सरकारले क्षतिपूर्ति रकम दिएको छ । सरकारले उपलब्ध गराएको रकम नेपाल पत्रकार महासंघका अध्यक्ष धर्मेन्द्र झाले असार १३ गते उमाकी आमालाई सिरहाको लहानमा हस्तान्तरण गर्नुभयो ।

# यातनालाई फौजदारी कसूर ठहर गर्ने कानुन बनाउन सरोकारवालाहरूको आग्रह

ललितपुर/ यातना पीडितहरूको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय दिवस– २००९ का अवसरमा राष्ट्रिय मानवअधिकार आयोगले एक बृहत् अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । आयोगसहित यातनाविरुद्ध काम गरिरहेका विभिन्न नौ सङ्घसंस्थाहरूको समेत सहकार्य एवम् सहभागिता रहेको यो कार्यक्रममा अधिकारकर्मीहरूले यातना र मानवअधिकार हनन विरुद्ध कडा कदम चाल्न नसकेको भन्दै सरकारको आलोचना गरे । यातना तथा क्रूर, अमानवीय तथा अपमानजनक दुर्व्यवहार वा सजायँ विरुद्धको महासन्धि अनुमोदन भएको १८ वर्ष पुगेको छ । यो महासन्धिअनुरूप यातनालाई अपराध घोषणा गर्ने कानुन तत्काल ल्याउन समेत उनीहरूले सरकारसँग आग्रह गरे ।

कार्यक्रमका प्रमुख अतिथि गृहमन्त्री भीम रावलले दण्डहीनताको शृंखला अन्त्य गर्न सरकार प्रतिवद्ध रहेको बताउनुभयो । रावलले गैर राज्यपक्षबाट बढ्न थालेका यातनाका घटनाक्रम रोक्न र तिनलाई कानुनी दायरामा ल्याउन लागि परेको बताउँदै यस विरुद्ध लड्न सबैको साथ चाहिने बताउनु भयो । उहाँले भन्नुभयो, 'यो बोल्ने मात्र होइन, गर्ने बेला हो । म मानवअधिकार आयोगको कार्यक्रम भएकाले मात्रै आएको हुँ ।' कार्यक्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले महासन्धिअनुरूपको कानुन तत्काल बनाउन सरकारको ध्यानाकर्षण गर्नुभयो । उहाँले भन्नुभयो, 'यातना दिने कामलाई निषेध गरे पनि यस्ता काम निरन्तर भइरहेकोप्रति सरकार जिम्मेवार हुनु जरुरी छ ।'

कार्यक्रमको अवसरमा 'यातनाः गम्भीर फौजदारी अपराध' विषयक प्रतिवेदन सार्वजनिक गरियो । यातना विरुद्ध काम गरिरहेका विभिन्न सङ्घसंस्थाले तयार पारेको यो प्रतिवेदनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूसँग छलफल गरी तयार गरिएको यातना तथा क्षतिपूर्तिसँग सम्बन्धित कानुनको खाका प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले नेपालमा यातनालाई अझैसम्म पनि फौजदारी कसूर मानिएको छैन भन्ने तथ्यको पनि उजागर गर्दछ । नेपालको अन्तरिम संविधानले यातनालाई फौजदारी कसूरको रूपमा स्थापित गरेता पनि पीडिकलाई उचित अभियोजन गर्ने स्पष्ट निर्देशिका भने प्रस्तुत गरेको छैन ।

यातनाविरुद्धको सहकार्य थालेको यो समूहले यातनालाई अपराधीकरण गर्ने बृहत कानुनको निर्माण गर्न माग गर्दै यातनाको सवालमा जारी दण्डहीनताको श्रृङ्खलाको अन्त्य गर्न निरन्तर लडिरहने बताएको छ । २६ जुनको अवसर पारेर जारी गरिएको संयुक्त प्रेस विज्ञप्तिमा 'नेपालमा अझसम्म पनि यातना निरन्तर जारी रहेको र अझसम्म पनि यो विकराल स्थितिमा रहेको' उल्लेख छ । यो समूहले व्यवस्थापिकाबाट प्रजातान्त्रिक मूल्यमान्यताहरूलाई अँगाल्दै यातनालाई अपराधीकरण गर्ने प्रक्रियाको सुरुवात गनुपर्ने, यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेखलाई शीघ्र अनुमोदन गर्नुपर्ने, र यातना दिने कार्यविरुद्ध अनुसन्धान गर्न एक स्वतन्त्र राष्ट्रिय अनुगमन संयन्त्र निमार्ण गर्नुपर्ने माग अघि सारेको छ ।

## यातना पीडित सहयोग दिवसमा कार्यक्रम

पोखरा/ यातना पीडितहरूको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय दिवस– २००९ को अवसरमा आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । वकालत मञ्च र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) समेतको सहभागितामा असार १२ गते आयोजित उक्त कार्यक्रममा यातना विरुद्धको अधिकारसँग सरोकार राख्ने विभिन्न सङ्घसस्था, नागरिक समाज, राजनीतिक दल, सरकारी कार्यालय तथा सुरक्षा निकायका प्रतिनिधिहरू, सञ्चारकर्मी एवम् यातना पीडितहरूको उल्लेख्य उपस्थिति थियो ।

नेपालको अन्तरिम संविधान २०६३ मा यातना विरुद्धको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ । यस अन्तर्गत कसैलाई जानकारी नदिई पक्राउ गर्न नपाईने, पक्राउ पश्चात् स्वास्थ्य परीक्षण गर्नुपर्ने, बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पुऱ्याउनु पर्नेजस्ता प्रावधानहरू रहेका छन् । अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले कुनै पनि बहानामा दिइने यातना मानवता विरुद्धको अपराध भएकाले यसलाई फौजदारी अभियोग अन्तगर्त राख्नु पर्नेमा जोड दिए । साथै, यातनासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनलाई प्रभावकारी रूपमा लागू गर्नु पर्ने भन्दै सहभागीहरूले यातनासम्बन्धी विधेयकको आवश्यकता र त्यसमा उल्लेख हुनु पर्ने प्रावधानका बारेमा समेत महत्वपूर्ण सुझाव दिए ।

आयोगका निमित्त क्षेत्रीय निर्देशक प्रेमबहादुर थापाले अध्यक्षता गरेको उक्त कार्यक्रममा वकालत मञ्चका संयोजक रामप्रसाद घिमिरेले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । इन्सेक पोखराकी सवनम शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## यातना पीडित सहयोग दिवस मनाइयो

विराटनगर/ यातना पीडितहरूको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय दिवस– २००९ कै अवसर पारेर विराटनगरमा छलफल कार्यक्रम सम्पन्न भएको छ । आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालय, संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय, ईन्सेक, एडभोकेसी फोरम, नेपाल बार एसोसिएसनको मानवअधिकार परियोजना र सिविन विराटनगरको संयुक्त आयोजनामा सम्पन्न यो कार्यक्रममा यातनालाई अपराधीकरण गर्ने सम्बन्धमा नागरिक समाजद्वारा तयार पारिएको प्रस्तावित विधेयकउपर छलफल गरिएको थियो ।

छलफलमा यातनासम्बन्धी महासन्धिको कार्यान्वयन प्रभावकारी नभएको, विद्यमान क्षतिपूर्तिसम्बन्धी ऐन, २०५३ मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि बमोजिम नभएको, यातनासम्बन्धी घटनामा राजनीतिक हस्तक्षेप हुने गरेको, अनुसन्धान गर्ने अधिकारीलाई विपक्षी बनाई मुद्दा गरेमा अनुसन्धान नै निष्कृय भई कानुनी व्यवस्थामा नै असर पर्ने देखिएको लगायतका सुझावहरू प्राप्त भएका थिए । त्यसैगरी वैज्ञानिक ढङ्गले अनुसन्धान प्रक्रियाको विकास गर्नु पर्ने, साथै खास अवस्थामा यातनासम्बन्धी घटनाको अनुसन्धान सुरक्षा निकायबाहेक स्वतन्त्र निकायबाट समेत गरिनुपर्ने सुझावहरू सहभागीहरूले दिए ।

जिल्ला अदालत मोरडका न्यायाधीश भरतराज अधिकारी प्रमुख अतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा सरकारी निकाय तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू, पत्रकार र यातना पीडित लगायत ५५ जना सहभागी थिए । यातनासम्बन्धी विद्यमान कानुन तथा त्यसको प्रयोजन, गैरसरकारी क्षेत्रबाट प्रस्तावित विधेयकका सम्बन्धमा छलफल गर्नु, यातनालाई अपराधका रूपमा व्यवस्था गर्न पहल गर्नु र यातनालाई न्युन गर्नका लागि सम्वन्धित निकायको ध्यानाकर्षण गराउनु कार्यक्रमको उद्देश्य थियो । कार्यक्रममा आयोगका निमित्त क्षेत्रीय निर्देशक नन्दकिशोरप्रसाद यादव तथा विभिन्न संस्थाका प्रतिनिधिहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# मानवअधिकार तथा दण्डहीनतासम्बन्धी गोष्ठी

विराटनगर/आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरको आयोजना तथा युरोपियन युनियनको द्वन्द्व न्युनिकरण परियोजना-२ को सहयोगमा मानवअधिकार तथा दण्डहीनताको सवाल विषयक दुई दिने गोष्ठी सम्पन्न भएको छ। मोरङ जिल्ला अदालतका माननीय न्यायाधीश भरतप्रसाद अधिकारीले उद्घाटन गर्नुभएको सो कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसचिव तथा पीडितशास्त्री डा. शंकरकुमार श्रेष्ठ, आयोगका निर्देशक वेदप्रसाद भट्टराई, युरोपियन युनियनको द्वन्द्व न्युनिकरण परियोजना-२ का टिम लिडर डा. स्टिग मार्कर हेन्सन, मोरङ जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी शत्रुध्न पुडासैनी र प्रहरी नायब उपरीक्षक विद्यानन्द माझीले आ-आफ्नो धारणा राख्नु भएको थियो।

गत असार २६ र २७ गते विराटनगरमा सम्पन्न उक्त गोष्ठीमा गोष्ठीमा दण्डहीनता र मानवअधिकारसँग सम्वन्धित विभिन्न पाँचओटा कार्यपत्र प्रस्तुत भएका थिए। यी कार्यपत्रहरूमा डा. शंकरकुमार श्रेष्ठले 'मानवअधिकार, दण्डहीनता तथा अपराध पीडितका लागि न्याय', डा. भीमार्जुन आचार्यले 'दण्डहीनता तथा यसको प्रभाव', आयोगका सचिव विशाल खनालले 'संविधान निर्माणमा मानवअधिकारका सवालहरू', आयोगका निर्देशक सुवर्ण कर्माचार्यले 'दण्डहीनताको अन्त्यका लागि राष्ट्रिय मानवअधिकार आयोग र गैससहरूबीच सहकार्य' र अधिवक्ता चुडामणि आचार्यले 'नेपालमा फौजदारी न्याय प्रणाली' रहेका थिए।

हरेक कार्यपत्रको प्रस्तुतिपछि सहभागीहरूबीच छलफल गराई सम्बन्धित विज्ञहरूबाट सहजीकरण गरिएको थियो। छलफलको क्रममा



सहभागीहरूले राष्ट्रिय मानवअधिकार आयोगले जनचेतनाको कार्यक्रम सञ्चालन गर्नुपर्ने, समन्वय र सहकार्य गर्नुपर्ने, राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वयनको लागि दबाबमूलक कार्यक्रम ल्याउनुपर्ने, पीडितको न्यायका लागि विशेष कदम चाल्नुपर्ने लगायतका सुझावहरू प्रस्तुत गरेका थिए। पूर्वाञ्चलका १४ जिल्लाका मानवअधिकारकर्मी, सञ्चारकर्मी, सरकारी कार्यालयका प्रतिनिधिहरू तथा शिक्षा क्षेत्रसँग सम्बन्धित व्यक्ति गरी ७० जनाको सहभागिता थियो।

## राष्ट्रिय मानवअधिकार आयोगबाट प्रकाशित निम्न प्रतिवेदनहरू आयोगका कार्यालयहरूमा उपलब्ध छन्।












# मानवअधिकारका सवालमा प्रधानमन्त्री समक्ष आयोगले प्रस्तुत गरेको ज्ञापनपत्र

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

राष्ट्रिय मानवअधिकार आयोगलाई नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गरी मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन तथा प्रभावकारी कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको कुरा यहाँलाई विदितै छ। हरेक व्यक्तिको आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने प्रयासअनुरूप आयोगले गरेका क्रियाकलापहरू, आफ्नो कार्य सञ्चालनको सिलसिलामा व्यहोर्नु परेका चुनौतीलगायत मानवअधिकारको वर्तमान अवस्थाको बारेमा जानकारी गराउन यो ज्ञापनपत्र प्रस्तुत गरिएको छ।

आयोगले नेपाल सरकारबाट निम्न कुराहरूको अपेक्षा गरेको जानकारी गराउन चाहन्छौं :

**१. आयोगका सिफारिसहरूको कार्यान्वयन गरिनु पर्ने**

आयोगले मानवअधिकार हननका विभिन्न घटनाहरूका सम्बन्धमा कानुनअनुसार गरेका सिफारिसहरू कार्यान्वयन नभएका कारण पीडित तथा सर्वसाधारणमा नकारात्मक असर पर्दै गएको छ। तसर्थ, सरकार मानवअधिकारप्रति संवेदनशील रहेको छ भन्ने प्रमाणित गर्नका लागि समेत आयोगले गरेका सिफारिसबमोजिम पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाही गरिनु पर्दछ। साथै, आयोगबाट गरिएका सिफारिसहरू कार्यान्वयनको चरणमा रहेको अवस्थामा सोसम्बन्धी यथार्थ स्थितिको जानकारी यथाशीघ्र यस आयोगलाई दिइनु पर्ने।

**२. आयोगसँग अनिवार्य रूपमा राय परामर्श गरिनु पर्ने**

क) मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषयका विधेयकहरू व्यवस्थापिका संसद्मा पेस गर्नुपूर्व आयोगमा पठाई आयोगबाट प्राप्त भएको राय सुझावहरूलाई समावेश गर्ने परिपाटीको विकास गरिनु पर्ने।

ख) नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिउपर नेपालले संयुक्त राष्ट्र सङ्घीय समितिहरूमा पठाउनु पर्ने आवधिक प्रतिवेदनहरू आयोगको रायसुझावको लागि अनिवार्य रूपमा पठाउनु पर्ने। साथै, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्नुपूर्व आयोगसँग परामर्श गर्नु पर्ने। सो सम्बन्धमा आयोगले गरेका सिफारिसहरूको सम्बन्धमा समयमै सरकारबाट सम्बोधन हुनुपर्ने।

ग) सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूमा मानवअधिकारसम्बन्धी विषयका सम्पर्क व्यक्तिहरूलाई स्पष्ट कार्यादेश प्रदान गरी निजहरूको क्षमता अभिवृद्धि गरिनु पर्ने। साथै, त्यस्ता सम्पर्क व्यक्तिहरूलाई राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान लगायत विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग सहकार्यमा रहन निर्देशन दिने।

घ) मानवअधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा सरकारद्वारा विदेशी दातृ संस्थाहरूसँग गरिने सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुपूर्व आयोगको परामर्श अनिवार्य रूपमा लिइनु पर्ने।

ङ) सरकारद्वारा सञ्चालित मानवअधिकारसम्बन्धी राष्ट्रिय कार्य योजनाको तर्जुमा गर्दा आयोगको परामर्श लिनु पर्ने र यसको कार्यान्वयनको अनुगमनको जिम्मा आयोगलाई हुनुपर्ने।

**३. दण्डहीनताको अन्त्यका लागि तत्काल ठोस कदम चालिनु पर्ने**

दण्डहीनता संस्कृतिको अन्त्यका लागि सरकारले तत्काल ठोस कदम चाल्नु पर्ने देखिन्छ। यसकालागि विधिको शासनको सम्मान गर्ने, सुरक्षा निकायहरूलाई स्रोत र साधन सम्पन्न बनाउने, आयोगका सिफारिसहरूको कार्यान्वयन गर्ने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिने, आपराधिक घटनामा संलग्न व्यक्तिलाई राजनीतिक संरक्षण प्रदान नगर्ने, मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवीय अपराधका घटनामा संलग्न दोषीलाई कारबाहीको दायरामा ल्याउन सर्वोच्च अदालत तथा राष्ट्रिय मानवअधिकार आयोगका निर्देशन र सिफारिसहरूको कार्यान्वयन हुनुपर्ने र सरकारले आपराधिक प्रकृतिका मुद्दा फिर्ता नलिने आदि लगायत अन्य विभिन्न आवश्यक र उपयुक्त विषयहरूमा तत्काल कारबाही अगाडि बढाउनु पर्ने।

**४. संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालको सम्बन्धमा**

तत्कालीन राजा ज्ञानेन्द्रबाट २०६२ माघ १९ गते असवैधानिक रूपमा राज्यको कार्यकारी प्रमुखको जिम्मेवारी सम्हाली नागरिक तथा राजनीतिक अधिकारहरूको चरम उल्लङ्घन भईरहेको अवस्था र अर्कोतिर तत्कालीन समयमा सशस्त्र सङ्घर्षमा रहेको नेकपा (माओवादी) बाट समेत मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन भइरहेको सन्दर्भमा उल्लेखित विषयहरूलाई सम्बोधन गरी नेपाली जनताको नागरिक तथा राजनीतिक अधिकारहरू लगायत मौलिक स्वतन्त्रताहरूको रक्षार्थ संयुक्त राष्ट्रसङ्घीय निकायलाई नेपालमा बोलाउन पहल भएबमोजिम २००५ जुनमा मानवअधिकारको लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय नेपालमा स्थापना भएको हो।

हालसम्मको अवधिमा राजनीतिक रूपमा आमूल परिवर्तन भई नागरिक सरकार गठन भएको, मानवअधिकार र मौलिक स्वतन्त्रताहरू बृहत् रूपमा संविधानमा समावेश भएको, तथा राष्ट्रिय मानवअधिकार आयोग समेत संवैधानिक अङ्गका रूपमा स्थापित भईसकेको अवस्था छ। तसर्थ, नेपालस्थित उच्चायोगको कार्यालयले पछिल्लो पटक गर्ने भनी निश्चित गरेको कार्यादेश राष्ट्रिय मानवअधिकार आयोगलगायत नेपालमा क्रियाशील रहेका गैरसरकारी संस्थाहरूले नै गर्न सक्ने तथा गरिरहेको अवस्था विद्यमान छ। वर्तमान संविधानले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक रूपमा स्थापित गरी मानवअधिकारको संरक्षण, सम्बर्द्धन, सम्मान तथा कार्यान्वयन समेतको जिम्मेवारी तोकिएको अवस्थामा उक्त अधिकारहरू प्रयोग गर्न नेपालमा कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू स्थापना हुन नसक्ने तथा आयोगको संवैधानिक दायित्व तथा अधिकारहरूलाई सीमित हुने गरी कुनै निकाय रहन नहुने कुरा समेत स्मरण गराउन चाहन्छौँ।

**५. आयोगलाई पर्याप्त स्रोत साधन उपलब्ध गराउनु पर्ने**

मानवअधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिवद्धतालाई व्यवहारमा कार्यान्वयन गर्न राज्यले पर्याप्त गृहकार्य

गर्नु पर्ने हुन्छ । त्यसका लागि राज्यले मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा क्रियाशील निकायहरूलाई स्रोत साधनले सम्पन्न बनाई त्यस्ता संस्था वा निकायहरूको क्षमता अभिवृद्धि गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगलाई अझ बढी प्रभावकारी बनाउन, यसको क्षमता अभिवृद्धि गर्न र आयोगको पहुँच बिस्तार गर्न आयोगलाई भवन, आर्थिक तथा प्राविधिक सहायता लगायत पर्याप्त मानवीय स्रोत सुनिश्चित गरिनु पर्दछ ।

यसै सम्बन्धमा हाल आयोगको केन्द्रीय कार्यालयको अतिरिक्त विराटनगर, पोखरा, नेपालगञ्ज, धनगढी र जनकपुरमा क्षेत्रीय कार्यालयहरू तथा खोटाङ, बुटवल र जुम्लामा अस्थायी प्रकृतिका सम्पर्क कार्यालयहरू मार्फत् आयोगले आफ्नो कार्य गर्दै आएको छ । मुलुकका विभिन्न क्षेत्रबाट आयोगको सेवाको विस्तारका लागि माग भएको र तराई लगायतका क्षेत्रमा देखापरेको मानवअधिकार उल्लङ्घनको अवस्थाउपर समेत दृष्टिगत गरी इलाम, काठमाडौं, दाङ, खोटाङ, बुटवल र जुम्लामा उपक्षेत्रीय कार्यालयहरू (उपक्षेत्रीय कार्यालयहरूले काम सुरु गरेपछि सम्पर्क कार्यालयहरू त्यसैमा गाभिने गरी) स्थापना गर्ने योजना रहेको समेत सादर अनुरोध गर्दछौं ।

**६. द्वन्द्वपीडित, बेपत्ता तथा विस्थापित व्यक्तिका सम्बन्धमा**

द्वन्द्वपीडित, विस्थापित, बेपत्ता भएका व्यक्तिलगायत घर-जग्गा र सम्पति कब्जाबाट पीडित तथा तिनका परिवाहरूलाई यथोचित न्याय, परिपूरण र क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक संयन्त्रको अविलम्ब व्यवस्था हुन उपयुक्त देखिएको व्यहोरा समेत उल्लेख गर्दछौं ।

**७. महिला, बालबालिका र सीमान्त समुदायहरू माथि भइरहेको हिंसामा सम्बन्धमा**

हालसालका दिनहरूमा समाजमा बढ्दै गएका हिंसा र अपराधहरूका कारण बालबालिका, महिला र सीमान्तकृत समुदायका मानिसहरू सबैभन्दा बढी पीडित हुन पुगेका सम्बन्धमा त्यस्ता अपराधको रोकथाम र नियन्त्रण गरी पीडकलाई कानुन मुताबिक कारबाही र पीडित समुदायको हकहित संरक्षणको निम्ति तदारुकताका साथ कदम चाल्नु पर्ने ।

**८. सुकुम्वासी, भूमिहीन तथा हलियाको हकहित सम्बन्धमा**

सुकुम्वासी, भूमिहीन तथा हलिया, कमैया तथा बादी समुदायका हकहित संरक्षणको निम्ति बिगतमा भएका सम्झौताहरूलाई ऐन, नियम, नीति बनाई व्यवहारमा कार्यान्वयन हुनुपर्ने ।

**९. खाद्य सुरक्षा र व्यवस्थापन सम्बन्धमा**

खडेरी, अतिवृष्टि तथा प्राकृतिक प्रकोप लगायत खाद्यान्न अभावका कारणले कतिपय हिमाली र सुदूर पहाडी जिल्लाहरूमा भोकमरी तथा खाद्य संकटको अवस्था देखापरेको हुँदा सो बिषयमा संवेदनशील भई सो क्षेत्रमा तत्काल आपतकालीन राहत प्रदान गरी खाद्य सुरक्षाको व्यवस्था सुढृद गर्नुपर्ने ।

**१०. बन्द, हडताल र चक्काजामको रोकथामका सम्बन्धमा**

जनसाधारणको जीवन, जीविका, सुरक्षा लगायत पेसा व्यवसायको अधिकार, स्वतन्त्र रूपमा आवतजावतको अधिकार र विद्यार्थीहरूको पढ्न पाउने अधिकार, ओखति उपचार गर्न पाउने आधारभूत अधिकारहरू नै उल्लङ्घन हुने गरी गरिएका सम्पूर्ण बन्द हड्ताल र चक्काजाम जस्ता कृयाकलापहरूलाई तत्काल बन्द गरी सरोकारवालाका मागलाई तत्काल सम्बोधन गर्न संवाद संयन्त्रहरूको व्यवस्था गर्नु पर्ने ।

अन्तमा, नेपालमा बिगतका सरकारहरूबाट भएका उपलब्धि र कमजोरीहरूबाट शिक्षा प्राप्त गरी आगामी दिनहरूमा मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनका निम्ति यहाँको नेतृत्वको सरकारले सकारात्मक योगदान दिने आशा गर्दै सो कार्यको निरन्तर अनुगमन आयोगले गर्नेछ । यो उद्देश्य प्राप्तिका निम्ति राज्यको मानवअधिकारसम्बन्धी संवैधानिक निकायको हैसियतले यो आयोगले सरकारलगायत सबै सरकारी वा गैरसरकारी सङ्घ-संस्थाहरूसँग सहकार्यको निम्ति आफ्नो प्रतिवद्धता व्यक्त गर्दछ ।

# मानवअधिकार उल्लङ्घनकर्तालाई पुरस्कृत नगर्न आग्रह

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा आवश्यक छानविनपश्चात् मात्र उनीहरूको वृत्ति विकासको निर्णय लिन नेपाल सरकारलाई आग्रह गरेको छ ।

आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गत असार २१ गते पठाएको पत्रमा 'मानवअधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा निर्णय लिनुपूर्व मानवअधिकार हननमा संलग्न भएनभएको बारे आयोगले गरेका सिफारिसहरूलाई उचित ध्यान दिन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ' भन्ने उल्लेख छ ।

आयोगद्वारा प्रेषित पत्रमा भनिएको छ, 'आयोगको अनुसन्धानबाट मानवअधिकारको उल्लङ्घनका घटनामा दोषी देखिएका कतिपय अधिकारीहरूलाई कारबाही गर्न आयोगले गरेको सिफारिस कार्यान्वयन नगरिएको र त्यस्ता अधिकारी तथा कर्मचारीहरू सुरक्षा संयन्त्रलगायत विभिन्न सरकारी सेवामा कार्यरत रहेको पाइएको छ । त्यस्ता अधिकारी तथा कर्मचारीहरूलाई विभागीय वा न्यायिक कारबाही वा दुवै चलाउन आयोगले गरेको सिफारिसको कार्यान्वयन हुनुअघि नै उनीहरूको पदोन्नति गर्ने, संयुक्त राष्ट्रसङ्घ लगायतका अन्तर्राष्ट्रिय निकायमा सेवा गर्न पठाउने वा अन्य किसिमबाट वृत्तिविकास वा प्रोत्साहन गरिएको पाइएको छ । यस्ता गतिविधिले दण्डहीनता थप मौलाउने र मानवअधिकारप्रति राज्यको प्रतिवद्धतामा प्रश्न उठ्न सक्ने व्यहोरातर्फ नेपाल सरकारको ध्यानाकर्षण गराइन्छ ।'

त्यसैगरी, २०६० साल साउन ३२ गते रामेछाप जिल्लाको दोरम्बामा नेपाली सेनाद्वारा २१ जना व्यक्तिलाई नियन्त्रणमा लिई हत्या गरेको सम्बन्धमा आयोगले गरेको सिफारिस पूर्ण कार्यान्वयन गर्न समेत आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराएको छ । आयोगले दयाराम परियार (जनकपुर), सपना गुरुङ (मोरङ), मैना सुनुवार (काभ्रे), सरला सापकोटा (धादिङ) को हत्यामा दोषी पाइएकाहरूका सम्बन्धमा तथा कालिकोटको कोटवाडा र जनकपुरकै संजीवलाल कर्ण समेत ५ जनाको हत्यामा आरोपीहरूका सम्बन्धमा समेत 'स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कारबाही तथा पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटना पुन: दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन सरकारले सुरक्षा निकायलाई सचेत गराउन' सिफारिस गरेको थियो । मानवअधिकारको चरम उल्लङ्घन मानिएका यी घटनाका सम्बन्धमा आयोगले गरेका सिफारिसहरू अझै कार्यान्वयन भएका छैनन् ।

# आयोगमा बालअधिकार डेस्क स्थापनाको चार वर्ष : गतिविधि, उपलब्धि तथा चुनौतीहरू

राष्ट्रिय मानवअधिकार आयोगले बालअधिकारको सवाललाई प्राथमिकताका साथ हेर्ने गरी चार वर्ष अघि अर्थात् २०६१ पुस १६ गते बालअधिकार डेस्कको स्थापना गरेको थियो। सेभ द चिल्ड्रेन नर्बेको सहयोगमा सन् २००५ जनवरी १ बाट बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि स्थापना गरिएको यो डेस्कले विभिन्न कार्यहरू गर्दै आइरहेको छ। नेपालको अन्तरिम संविधान २०६३ ले आयोगलाई दिएको कार्यादेश र आयोगको तीन वर्षे रणनीतिक योजना (२००८-२०१०) अनुरूप आयोगको यो डेस्कले स्थापना कालदेखि हालसम्म गर्दै आएका गतिविधिहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

**१. बालअधिकारको अनुगमन गर्ने :**

यो डेस्कले देशका विभिन्न भागमा बालअधिकारको अनुगमन गरी बालअधिकार संरक्षण र प्रवर्द्धनमा सरोकारवालाहरूको ध्यानाकर्षण गराउने गर्दछ। साथै, अनुगमनका समयमा यो इकाईले विभिन्न सङ्घसंस्थाले बालअधिकार संरक्षण र प्रवर्द्धन गर्न सञ्चालन गरेका गतिविधिहरूबारे जानकारी राख्ने, बालश्रम, बालविवाह, यौन शोषण, शिक्षा माथिको पहुँचबारे सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, बालअधिकार महासन्धि १९८९ मा उल्लेख भएबमोजिम बालबालिकाको सर्वोपरी हितका लागि पर्याप्त खाना, स्वच्छ पानी, स्वास्थ्य, स्याहार जस्ता कुराहरू समेतलाई दृष्टिगत गरी नियमति अनुगमन गर्ने कार्यहरू रहेका छन्। आयोगले यस अवधिमा ५२ जिल्लामा बालअधिकारका विभिन्न सवालमा अनुगमन सम्पन्न गरिसकेको छ। यसक्रममा माओवादी सैन्य शिविर, बालगृह, प्रहरी हिरासत, यातना दिएको भनिएका विद्यालयहरू, बालसुधार गृह, कारागार लगायतका स्थानमा पटकपटक अनुगमन गरेको छ। बालअधिकार अनुगमनका मुख्य विषयहरू निम्न छन् :

क) गैरन्यायिक हत्या (विद्यार्थी र शिक्षक समेत)
ख) बाल सैन्यको प्रयोग तथा भर्ना,
ग) विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालको प्रयोग,
घ) बलात्कार तथा बालबालिकाका विरुद्ध अन्य गम्भीर प्रकृतिका हिंसाहरू,
ङ) बालबालिकाको अपहरण र यातना,
च) बालबालिकालाई मानवीय सहयोग गर्न अस्विकार गरिएका विषयहरू,
छ) बालबालिकालाई गैरकानुनी तवरले थुनामा राखिएका विषयहरू

**२. बालअधिकारको प्रवर्द्धन गर्ने :**

यो डेस्क स्थापनाको पहिलो वर्ष 'सशस्त्र द्वन्दमा बालबालिका' सम्बन्धी ३ ओटा क्षेत्रीय र एउटा केन्द्रीय कार्यशाला सम्पन्न गरिएको थियो। त्यसै वर्ष विभिन्न जिल्लामा १५ ओटा अन्तरक्रिया कार्यक्रमहरू समेत सम्पन्न गरिएका थिए। त्यस्तै बालअधिकारसम्बन्धी राष्ट्रिय कविता प्रतियोगिता, विभिन्न कार्यपत्रहरूको संगालो प्रकाशन, बालअधिकारसम्बन्धी चेतनामूलक स्टिकर, बालअधिकार सम्वन्धि ब्रोसर, र बालबालिको अवस्थासम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गरिएको थियो।

डेस्क स्थापनाको तेस्रो वर्षमा संविधानसभा र बालअधिकार विषयक पाँचओटा क्षेत्रीय कार्याशाला, बालअधिकारका विभिन्न सवालमा सातओटा अन्तरक्रिया सम्पन्न भए। त्यस्तै, कानुनी परामर्शसम्बन्धी कार्यक्रम र चित्रकला प्रतियोगिता आयोजना गरियो। यो वर्ष पनि विगतमाझैं बाल अधिकारको अवस्थाबारे वार्षिक प्रतिवेदन प्रकासित गरियो। चौथो वर्षमा जातीय छुवाछुतविरुद्ध शिक्षक-विद्यार्थी जागरणसम्बन्धी दुईओटा, बाल आवाज र बाल सहभागितासम्बन्धी पाँचओटा, बालअधिकारमैत्री संविधान निर्माणसम्बन्धी पाँचओटा क्षेत्रीय कार्यशालाहरू सम्पन्न भए। त्यस्तै, बाल अधिकारसम्बन्धी सार्क स्तरीय परामर्श बैठक तथा दुई दर्जनभन्दा वढी बालअधिकार र नयाँ संविधानसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भए।

**३. बाल अधिकारसम्बन्धी अनुसन्धान गर्ने :**

विगत ४ वर्षको अवधिमा आयोगमा बालअधिकारसम्बन्धी कुल ३८७ उजुरी दर्ता भए। तीमध्ये ६८ ओटा उजुरीका सम्बन्धमा आयोगले अनुसन्धान गऱ्यो र आवश्यक कारबाही र क्षतिपूर्तिका लागि नेपाल सरकारलाई ३६ ओटा सिफारिसहरू गऱ्यो।

| वर्ष | उजुरी | अनुसन्धान | आयोगबाट सिफारिस |
|---|---|---|---|
| २००५ | ११२ | ७ | ७ |
| २००६ | ९९ | १७ | ८ |
| २००७ | ९२ | २५ | ८ |
| २००८ | ८४ | १९ | १३ |
| **जम्मा** | **३८७** | **६८** | **३६** |

**उपलब्धि तथा चुनौतीहरू :**

राष्ट्रिय मानवअधिकार आयोगमा बालअधिकार डेस्क स्थापना भएको चार वर्षको अवधिमा केही उपलब्धिहरू भएका छन्। आयोगले विगतको सशस्त्र द्वन्द्वबाट अतिप्रभावित बालबालिकाहरू संरक्षण गर्ने उद्देश्यले स्थापना गरेको यो डेस्कले बालबालिकाको चौतर्फी विकास र हितलाई प्राथमिकतामा राखेको छ। आयोगमा डेस्क स्थापना भएपछि भएका उपलब्धि र चुनौतीहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ।

| उपलब्धिहरू | चुनौतीहरू |
|---|---|
| ● उजुरी ग्रहण र व्यवस्थापन गरिनु<br>● प्रवर्द्धनात्मक गतिविधि सञ्चालन हुनु<br>● सरोकारवालाहरूलाई बालअधिकारको सम्मान र संरक्षण गर्न दबाब सिर्जना<br>● चेतनामूलक सामग्रीको प्रकाशन र वितरण<br>● पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाहीको सिफारिस<br>● सरोकारवाला संस्थाहरूबीच सहयोग र सहकार्यको विस्तार<br>● बालबालिकासम्बन्धी ऐनकानुनको पुनरावलोकन र सुझाव पेस<br>● अन्तरिम संविधानमा बालअधिकारलाई मौलिक हकका रूपमा स्थापना गर्न पहल गर्नु। | ● सबै उजुरीहरूको समयमै फछ्र्योट हुन नसक्नु,<br>● देशका सबै जिल्लामा सचेतना कार्यक्रम विस्तार गर्न नसक्नु,<br>● बालअधिकार हननका घटनामा वृद्धि भइरहनु,<br>● पर्याप्त सामग्री उत्पादन तथा लक्षित समूहलाई वितरण गर्न कठिनाइ उत्पन्न हुनु,<br>● सबै पीडितले क्षतिपूर्ति र सबै दोषीलाई कारबाही गर्न सरकारले पर्याप्त चासो नदेखाउनु,<br>● काममा दोहोरोपन आउने क्रम नरोकिनु र सबै संस्थाहरूबीच समन्वय हुन नसक्नु,<br>● सबै ऐनकानुन बालअधिकारमैत्री बन्न नसक्नु, कतिपय सुझावहरूलाई कानुन निर्माताहरूले पर्याप्त चासो नदिनु,<br>● मौलिक हकको प्रत्याभुति दिन राज्यका संयन्त्रहरू बाट पर्याप्त तयारीको अभाव हुनु। |

# राष्ट्रिय मानवअधिकार आयोग, नेपालमा

## वि.सं. २०६६ असार महिनामा परेका उजुरीहरू

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | जिम्मेवार पक्ष | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | | सम्पर्क कार्यालयहरू | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | हत्या | सुरक्षाकर्मी (हिरासतमा मृत्यु समेत) | | | | | यो महिना कुनै उजुरी दर्ता नभएको । | २ | | | | २ |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य | १ | | | | | | | | | १ |
| २ | बेपत्ता/अपहरण | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | १ | १ | | | | | | २ |
| | | अन्य समूह | ५ | १ | | १ | | | | | | ७ |
| ३ | यातना/दुर्व्यवहार | सुरक्षाकर्मी | | | ३ | ४ | | | | | | ७ |
| | | अन्य समूह | ५ | १ | | २ | | | | | | ८ |
| ४ | घाइते/कुटपिट | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ५ | विस्थापित | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | १ | | १ | | | | | | २ |
| | | अन्य समूह | १ | | | २ | | | | | | ३ |
| ६ | सम्पति कब्जा | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | १ | १ | | | | | | | २ |
| | | अन्य समूह | १ | | | | | | | | | १ |
| ७ | धम्की | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | १ | | | | | | | | १ |
| | | अन्य समूह | | | | | | | | १ | | १ |
| ८ | कारागार/थुनासम्बन्धी | | १ | | | | | | | | | १ |
| ९ | क्षतिपूर्ति | | १ | | | | | | | | | १ |
| १० | नागरिक अधिकार | | | | | | | | | | | |
| ११ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | १ | १ | | | | | | | | २ |
| १२ | महिला अधिकार | | | १ | | १ | | | | | | २ |
| १३ | बालअधिकार | | | | १ | | | | | | | १ |
| १४ | न्याय प्रशासन | | १ | १ | | | | | १ | | १ | ४ |
| १५ | विदेशमा नेपाली | | १ | | | | | | | | | १ |
| | अन्य | | १ | | | | | | | | | १ |
| | जम्मा | | १९ | ८ | ६ | १२ | ० | २ | १ | १ | १ | ५० |

# मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

## राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

### केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोनः ०१-५०१००१५, फ्याक्सः ९७७-१-५५४७९७३
इमेलः nhrc@nhrcnepal.org / वेबसाइटः www.nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोनः ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ९७७-२१-४६११००
इमेलः nhrcbrt@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोनः ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ९७७-८१-५२६७०६
इमेलः nhrcnpj@nhrcnepal.org

**मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर**
जनकपुरधाम, धनुषा,
फोनः ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ९७७-०४१-५२७२५०
इमेलः nhrcjnk@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोनः ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ९७७-६१-४६५०४२
इमेलः nhrcpkr@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोनः ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ९७७-९१-५२५६२३
इमेलः nhrcdhn@nhrcnepal.org

### सम्पर्क कार्यालयहरू

जुम्लाबजार, जुम्ला, फोनः ०८७-५२०२२२
दिक्तेल, खोटाङ, फोनः ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोनः ०७१-५४६९११

### पत्राचारको लागि

**सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,**
**केन्द्रीय कार्यालय, ललितपुर**
**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**
**फोनः ०१-५०१००१५, फ्याक्सः ००९७७-१-५५४७९७३**
**इमेलः manav.adhikarpatra@nhrcnepal.org**

### प्रापकः

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोनः ०१-५०१००१५, फ्याक्सः ०१-५५४७९७३, सम्पादकः भानुभक्त आचार्य